आज मिति २०८२-१०-२१ गतेका दिन यस मदाने गाउँपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर कुँवरको अध्यक्षतामा बसेको मदाने गाउँ कार्यपालिकाको बैठकले तपसिलका उपस्थितिमा देहायका निर्णयहरु गरियो ।

| क्र.सं. | नाम थर | पद | ठेगाना | फोन नं. | हस्ताक्षर | कै |
|---|---|---|---|---|---|---|
| १ | महेन्द्रबहादुर कुँवर | अध्यक्ष | मदाने गा.पा. ६ | ९८५७०२७९४२ | [signature] | |
| २ | सरिता खड्का | उपाध्यक्ष | मदाने गा.पा. ५ | ९८५७०७२७१८ | [signature] | |
| ३ | भिमार्जुन भुसाल | प्र.प्र.अ. | छत्रदेव गा.पा. ४ | ९८५७०४९०४९ | [signature] | |
| ४ | शुसिल चन्द | वडा अध्यक्ष | मदाने गा.पा. १ | ९८४४७८६७७ | [signature] | |
| ५ | माधवप्रसाद भुसाल | वडा अध्यक्ष | मदाने गा.पा. २ | ९८५७०६७३९३ | [signature] | |
| ६ | चेतबहादुर सेन | वडा अध्यक्ष | मदाने गा.पा. ३ | ९८५७०६७४०५ | [signature] | |
| ७ | प्रेम बहादुर सेन ओली | वडा अध्यक्ष | मदाने गा.पा. ४ | ९८४७००५०१२ | [signature] | |
| ८ | हिमाल खड्का | वडा अध्यक्ष | मदाने गा.पा. ५ | ९८५७०८१९८१ | [signature] | |
| ९ | मनिराम थापा | वडा अध्यक्ष | मदाने गा.पा. ६ | ९८५७०६१७४३ | [signature] | |
| १० | सन्तोष के.सी. | वडा अध्यक्ष | मदाने गा.पा. ७ | ९८४१३६२५१५ | [signature] | |
| ११ | कमला कुँवर | कार्यपालिका सदस्य | मदाने गा.पा. ४ | ९८६६५२२७३३ | [signature] | |
| १२ | कमला भट्टराई | कार्यपालिका सदस्य | मदाने गा.पा. ४ | ९८६९३१५१८९ | [signature] | |
| १३ | सुर्या कुमारी कुँवर | कार्यपालिका सदस्य | मदाने गा.पा. ६ | ९८६३८४२३३३ | [signature] | |
| १४ | सुस्मिता सुनार टोमटा | कार्यपालिका सदस्य | मदाने गा.पा. ७ | ९८६६२७२१७५ | [signature] | |
| १५ | जिव बहादुर वि.क. | कार्यपालिका सदस्य | मदाने गा.पा. २ | ९८६००५३१४६ | [signature] | |
| १६ | हिरे सुनार | कार्यपालिका सदस्य | मदाने गा.पा. ७ | ९८४७३९१६७७ | [signature] | |
| १७ | कुलचन्द्र भुसाल | अधिकृत सातौं | प्रशासन शाखा | ९८४०७१४६५७ | [signature] | |

CS CamScanner

कार्यपालिका बैठक संख्या:- १३

मिति २०८२/१०/२१ गतेको बैठक

**प्रस्तावहरुः-**

१. पूर्व कार्यपालिकाको बैठकको निर्णयहरु समीक्षा सम्बन्धमा।

२. समपूरक योजना माग सम्बन्धमा ।

३. विशेष योजना माग सम्बन्धमा

४. सडक बोर्ड वार्षिक कार्यक्रम तर्जुमा तथा स्विकृति सम्बन्धमा ।

५. मदाने संरक्षित वन क्षेत्रमा समावेश गर्न माग गर्ने सम्बन्धमा ।

६. विविध।

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

**निर्णयहरु:-**

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा मदाने गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२/१०/१३ गते बसेको कार्यपालिका बैठकमा चन्द्र बहादुर खत्रीको उपदान उपलब्ध सम्बन्धमा, सडक बोर्डको वार्षिक कार्यक्रम स्विकृत सम्बन्धमा, फिल्ड भत्ता सम्बन्धी कार्यविधी स्विकृत सम्बन्धमा, टोप्रे गुफा पर्यटन प्रर्वद्धन कार्यक्रमको सम्बन्धमा, आर्थिक सहायता सम्बन्धमा, रकमान्तर गरिएको बजेटलाई सभामा प्रस्तुत गर्ने सम्बन्धमा, कर्मचारी सम्मान सम्बन्धमा सम्बन्धमा समिक्षा गरियो ।

२. यस मदाने गाउँपालिकामा आर्थिक वर्ष २०८३/०८४ को लागि संघ समपुरक योजना मागको लागि तपसिलमा उल्लेखित योजना माग गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

तपसिल:-

| क्र.स. | योजनाको नाम | ठेगाना | संघको लागत | स्थानीय तहको लागत | कैफियत |
|---|---|---|---|---|---|
| १ | वि.पी. चोक- रिपुरेखोला- मलागिरी- प्यूठान सडक | मदाने-४ र ५ | २ करोड ५० लाख मात्र | ५० लाख मात्र | |
| २ | भेडिखोर- बसुन्धारा- सैरे- ओखलेदह- पैयाँपाटा सडक योजना | मदाने-२ र १ | २ करोड ५० लाख मात्र | ५० लाख मात्र | |
| ३ | सिर्सेनी देउराली- वडार- लेख- नारिकोट देउराली सडक | मदाने-३, २ र ५ | २ करोड मात्र | ४० लाख मात्र | |

३. यस मदाने गाउँपालिकामा आर्थिक वर्ष २०८३/०८४ को लागि संघ विशेष योजना मागको लागि तपसिलमा उल्लेखित योजना माग गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

तपसिल:-

| क्र.स. | योजनाको नाम | ठेगाना | संघको लागत | कैफियत |
|---|---|---|---|---|
| १ | प्रविधिमैत्री विद्यालय निर्माण योजना | मदाने गाउँपालिका | १ करोड २० लाख | |

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| २ | रियाले मा.वि. भवन पुर्वाधार निर्माण योजना | मदाने गाउँपालिका -०३, सिर्सेनी | २ करोड | |
| ३ | आधारभुत स्वास्थ्य सेवाको प्रत्याभुती कार्यक्रम | मदाने गाउँपालिका | १ करोड | |

४. मदाने गाउँपालिकामा आर्थिक वर्ष २०८२/०८३ मा सडक बोर्ड नेपालबाट स्थानीय सडक मर्मत संभार कार्यक्रम कार्यान्वयनको लागि विनियोजित बजेट रु सत्र लाख तिस हजारको यस गाउँपालिकाबाट व्यहोर्नुपर्ने बिस प्रतिशत रकम सहितको जम्मा रकमको थप बिस प्रतिशतले हुने रकमको स्रोत सुनिश्चितता गरी मदाने गाउँपालिका वडा नं. १ अग्लुङ्गको अग्लुङ्गफेदी- वडा कार्यालय- भोटमारा सडकको मर्मत तथा ढलान गर्ने निर्णय सर्व-सम्मत गरियो।

५. मदाने संरक्षित क्षेत्रको कार्ययोजनामा यस मदाने गाउँपालिकाको वडा नं. ०६ र ०७ समावेश हुन छुट भएको र सो स्थानहरुलाई समावेश गर्न आवश्यक भएकोले वडा नं. ०६ र ०७ लाई समेत समावेश गर्न वन तथा वातावरण मन्त्रालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

६. मदाने गाउँपालिका कार्यपालिकाको बैठक संख्या १३ (आ.व. २०८२/०८३) को मिति २०८२/१०/२१ गतेको कार्यपालिका बैठकले गरेका सम्पुर्ण निर्णयहरुमा कार्यपालिकाका सम्पुर्ण सदस्यहरुको मतैक्यता रहेको, कुनै पनि बुदाँमा असहमति नरहेको र सम्पूर्ण निर्णयहरु सर्व-सम्मत पारित गरेको व्यहोरा निर्णय गरियो ।

महेन्द्र बहादुर कुँवर
अध्यक्ष